# निक्षेप तथा कर्जा सुरक्षण कोष
## Deposit & Credit Guarantee Fund
(नेपाल सरकारको पूर्ण स्वामित्वमा स्थापित)

अंक २ वर्ष १ (कार्तिक २०८०)


## ५० औं वार्षिकोत्सव कार्यक्रम




असोज ४ गते कोष स्थापनाको ५० वर्षमा प्रवेश गरेको अवसरमा होटेल याक एण्ड यति काठमाडौंमा स्वर्ण महोत्सव कार्यक्रम आयोजना गरियो । माननीय अर्थमन्त्री डा.प्रकाशशरण महतको प्रमुख आतिथ्यमा आयोजित सो कार्यक्रमलाई राजश्व सचिव एवं कोषको सञ्चालक समितिका अध्यक्ष डा.रामप्रसाद घिमिरेले अध्यक्षता गर्नु भएको थियो । नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर बमबहादुर मिश्र समेत सो कार्यक्रममा विशेष अतिथिको रुपमा उपस्थित हुनु भएको थियो ।




कार्यक्रममा कोष सञ्चालक समितिका पूर्व तथा वर्तमान सदस्यहरु, अर्थ मन्त्रालय तथा नेपाल राष्ट्र बैंकका उच्च पदस्थ कर्मचारीहरु, विभिन्न सार्वजनिक संस्थानका कार्यकारी प्रमुखहरु, बैंकर्स एशोसिएसन नेपालका अध्यक्ष तथा पदाधिकारीहरु, विभिन्न बैंक तथा वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत तथा प्रतिनिधिहरु, विश्व बैंक, एशियाली विकास बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष जस्ता विकास साझेदार संस्थाका प्रतिनिधिहरु, सञ्चार कर्मीहरु लगायतको उपस्थिति रहेको थियो । सीजीटीएमएसइ इन्डियाका प्रमुख कार्यकारी अधिकृत सन्दीप वर्मा कोषको स्वर्ण महोत्सव कार्यक्रममा विदेशी अतिथिको रुपमा सहभागी हुनु भएको थियो ।



अक्षरा स्कूलका साना भाइबहिनीहरुले कोषको प्रवर्द्धनात्मक गीतमा गरेको मनमोहक नृत्यबाट शुरु भएको कार्यक्रममा कोषका प्रमुख कार्यकारी अधिकृत रमेश घिमिरेले कोषको ५० वर्षे यात्रामा कोषले हासिल गरेका उपलब्धीहरुको बारे छोटकरीमा चर्चा गर्नुका साथै, कोषको समग्र संस्थागत क्षमतालाई सुदृढीकरण गर्दै कोषको प्रतिस्पर्धात्मक क्षमता सुधारका सम्बन्धमा भावि योजनाहरु समेत प्रस्तुत गर्नु भएको थियो ।

माननीय अर्थमन्त्री डा.प्रकाशशरण महतले प्रमुख अतिथिको रुपमा शुभकामना मन्तव्य राख्दै लगानीसँगै जोखिम उत्पन्न हुने हुनाले लगानी विस्तारका लागि जोखिम व्यवस्थापन अत्यावश्यक रहने र कर्जा लगानीको जोखिमलाई न्यूनीकरण गर्न सहयोग गरी कोषले वित्तीय पहुँच विस्तारमा खेलेको भूमिका र साना निक्षेपकर्ताको सानो सानो कमाईको रकमको सुरक्षणको प्रत्याभूति जस्ता कोषका कार्यको सराहना गर्नु भयो ।

कार्यक्रममा कोषको स्थापना र कर्जा सुरक्षण कार्यक्रमलाई संस्थागत गर्न उल्लेखनीय भूमिका निभाउनु भएका सञ्चालक समितिका प्रथम अध्यक्ष स्व. कुमारदाश श्रेष्ठ र प्रथम महाप्रबन्धक स्व. विजयराम माथेमालाई मरणोपरान्त सम्मान-पत्र प्रदान गरिएको थियो । त्यसैगरी निक्षेप सुरक्षण कार्यक्रम लागू गर्ने कार्यमा महत्वपूर्ण भूमिका निभाउनु भएका पूर्व अध्यक्ष भाष्कर मणि ज्ञवाली र पूर्व महाप्रबन्धक चन्द्रमान मलेखुलाई सम्मान-पत्र प्रदान गरिएको थियो । यसका साथै निक्षेप तथा कर्जा

सुरक्षण कोषको ऐन तर्जुमा गर्ने कार्यमा महत्वपूर्ण जिम्मेवारी निभाउनु भएका पूर्वअध्यक्ष निर्मलहरि अधिकारी र पूर्व प्रमुख कार्यकारी अधिकृत डा.दण्डपाणि पौडेललाई समेत सम्मान-पत्र वितरण गरिएको थियो ।



वार्षिक उत्सवको अवसरमा कोषमा सबै भन्दा बढी निक्षेप सुरक्षण गराउने तीनवटा संस्थाहरु राष्ट्रिय वाणिज्य बैंक, ग्लोबल आइएमई बैंक र एनआइसी एशिया बैंक तथा सबै भन्दा बढी कर्जा सुरक्षण गराउने तीन वटा संस्थाहरु डिप्रोक्स लघुवित्त वित्तीय संस्था, मेरो माइक्रोफाइनान्स लघुवित्त संस्था र सिटिजन्स बैंकलाई प्रंशसापत्र प्रदान गरिएको थियो । यस अवसरमा कोषमा लामो समय सेवा गर्नु भएका कर्मचारीहरुलाई दीर्घ सेवा सम्मानपत्र तथा गत आ.व.को कार्यसम्पादनको आधारमा छनोट गरिएका एक सर्वोत्कृष्ठ र दुई उत्कृष्ठ कर्मचारीहरुलाई समेत पुरस्कृत गरिएको थियो । कार्यक्रममा समापन मन्तव्य राख्नु हुँदै राजश्व सचिव तथा कोषको सञ्चालक समितिका अध्यक्ष डा.रामप्रसाद घिमिरेले कोषलाई यहाँसम्म आइपुग्न सहयोग गर्ने सबैलाई साधुवाद र कृतज्ञता व्यक्त गर्नु भयो । कोषले ५० वर्षको अवधिमा धेरै कुरा हासिल गरेको बताउनु हुँदै त्यो विकास दिगो हुनु पर्ने र त्यसका लागि कोषले आफ्नो समग्र संस्थागत क्षमतालाई अभिवृद्धि गर्नु पर्ने बताउनु भयो ।

## खुल्ला रक्तदान कार्यक्रमको आयोजना




कोषको ५० औं वार्षिकोत्सवको अवसरमा कोषको केन्द्रीय कार्यालयमा मिति २०८० भाद्र १९ गते खुल्ला रक्तदान कार्यक्रमको आयोजना गरियो । नेपाल रेडक्रस सोसाइटीको सहयोगमा आयोजित उक्त कार्यक्रममा कोषका कर्मचारी तथा विभिन्न बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिहरु लगायत अन्य इच्छुक व्यक्तिहरु गरी जम्मा ४४ जनाले रक्तदान गरेका थिए ।




## खेलकुद कार्यक्रमको आयोजना



कोषको ५० औं वार्षिकोत्सवको अवसरमा कोषस्तरीय फुटसल तथा ब्याडमिन्टन खेलकुद कार्यक्रमको आयोजना गरियो । फुटसल अन्तर्गत केन्द्रीय कार्यालयबाट २ वटा समूह र शाखा कार्यालयहरुबाट २ समूह गरी जम्मा ४ वटा समूह बनाई विभिन्न चरणमा प्रतिस्पर्धा गराइएको थियो । त्यसै गरी ब्याटमिन्टन तर्फ पुरुष र महिला खेलाडीहरुको अलग अलग प्रतिस्पर्धा गराई खेल सम्पन्न गराइएको थियो । बिजेता खेलाडी कर्मचारीहरुलाई कोषका प्रमुख कार्यकारी अधिकृतज्यूले पदक तथा प्रमाणपत्र वितरण गर्नु भएको थियो ।



## बैंकिङ्ग क्विज प्रतियोगिता र स्वर्ण महोत्सव क्विज सप्ताह कार्यक्रम आयोजना




आफ्नो स्थापनाको ४९ औं वर्ष पूरा गरी ५० औं प्रवेश गर्न लागेको स्वर्ण अवसरमा मिति २०८० भाद्र २९ गते बैंकिङ्ग क्विज प्रतियोगिता कार्यक्रम आयोजना गरियो । प्रतियोगितामा नेपाल राष्ट्र बैंक लगायत विभिन्न बैंक तथा वित्तीय संस्थाहरुले सहभागिता जनाएका थिए । प्रथम चरणमा ११ प्रतियोगी समूहबीच प्रतिस्पर्धा गराई सफल ५ प्रतियोगी समूहलाई दोस्रो चरणमा लगी ३ राउण्डमा सञ्चालन भएको प्रतिस्पर्धात्मक खेलमा क्रमशः एभरेष्ट बैंक, नेपाल एसविआई बैंक र नेपाल राष्ट्र बैंकले प्रथम, द्वितीय र तृतीय स्थान हासिल गरेका थिए । प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय स्थान हासिल गरेका प्रतियोगीहरुलाई कोषका प्रमुख कार्यकारी अधिकृत रमेश घिमिरेले प्रमाणपत्र, मेडल र ट्रफी प्रदान गर्नु भएको थियो । साथै, यसै अवसरमा मिति २०८०/०६/२८ देखि २०८०/०६/०३ सम्म कोषको फेसबुक पेज मार्फत स्वर्ण महोत्सव क्विज सप्ताह सञ्चालन गरियो ।

## वाकाथोन र फाइभ के फन रन कार्यक्रम आयोजना



कोषको स्वर्ण वार्षिकोत्सवको अवसरमा मिति २०८० भाद्र ३० गते बैंकिङ्ग अनुशासन सम्बन्धी सचेतनाका लागि वाकाथोन/फाइभके फन रन कार्यक्रमको आयोजना गरियो । कार्यक्रममा राजस्व सचिव तथा कोषका सञ्चालक समितिका अध्यक्ष डा. राम प्रसाद घिमिरे, नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर बम बहादुर मिश्र र नेपाल बैंकर्स एशोसिएसनका अध्यक्ष सुनिल के.सी. मुख्य अतिथिको रुपमा उपस्थित हुनु भएको थियो । विभिन्न बैंक वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत तथा अन्य पदाधिकारी एवं कर्मचारीहरुको सहभागिता रहेको सो कार्यक्रममा कुल ५०० जनाभन्दा बढीको उत्साहजनक सहभागिता रहेको थियो। उपस्थित हुनु भएका सबै जनाले बैंकिङ सचेतना अभिवृद्धि गर्ने सम्बन्धमा सकारात्मक सन्देश प्रदान गर्ने उद्देश्यले लेखिएका "लिएपछि बैंकबाट ऋण - तिर्नै पर्छ कुनै न कुनै दिन', 'कर्जाको किस्ताब्याज समयै तिरौं' जिम्मेवार नागरिकको परिचय दिउँ", "यति कुरा बुझौं है साथी-बैंकको ऋण हुँदैन माफी", "बैंकले दिने ऋण, जनताको धन", "निक्षेप र कर्जाको सुरक्षा, DCGF को प्रतिवद्धता", "वित्तीय प्रणाली प्रति भरोसा गरौँ", समयमै ऋण चुक्ता, तपाई हाम्रो व्यावसायिक सफलता", "आजको लगानी, भोलीको प्रतिफल", को तल को माथि? DCGF जनताको साथी", लगायतका वित्तीय सचेतनामूलक विभिन्न नारा अंकित टि-सर्ट लगाई कार्यक्रममा सहभागी भएका थिए ।

काठमाडौंको कमलादी स्थित नेपाल प्रज्ञा प्रतिष्ठान परिसर बाट शुरु गरिएको कार्यक्रमको मार्ग कमलपोखरी, नक्साल भगवतीवहाल, टंगाल, गैह्रीधारा, लैनचौर, जमल, त्रिचन्द्र क्याम्पस हुँदै पुनः प्रज्ञा प्रतिष्ठानको परिसरमा आएर समाप्त भएको थियो ।

सहभागीहरुलाई हौसला प्रदान गरी कार्यक्रमलाई पूर्ण रुपमा सफल बनाउन राजस्व सचिव तथा कोषका सञ्चालक समितिका अध्यक्ष डा.रामप्रसाद घिमिरे, डेपुटी गभर्नर बम बहादुर मिश्र तथा कोषका सञ्चालकहरु हुम बहादुर के.सी., तुलसी प्रसाद घिमिरे र प्रकाशजंग थापा समेत अन्य सहभागीहरुसँगै वाकाथोनमा पूरै अवधि सहभागी हुनु भएको थियो ।

फाईभके फन रन अन्तर्गत नेपाल आर्मी तथा नेपाल प्रहरीका धावकहरु लगायत अन्य व्यवसायिक धावक तथा इच्छुक सर्वसाधारण समेतले दौड प्रतियोगितामा प्रतिस्पर्धा गरेका थिए । दौड प्रतियोगितामा पुरुष तर्फ त्रिभुवन आर्मी क्लबका मुकेश पाल प्रथम, सोही क्लवका संजय श्रेष्ठ र श्रीकाश राई क्रमशः द्वितीय र तृतीय भएका थिए । त्यसै गरी महिला तर्फ नेपाल पुलिस क्लबका राममाया बुढा प्रथम, त्रिभुवन आर्मी क्लबका पूर्णलक्ष्मी न्यौपाने द्वितीय र त्रिभुवन आर्मी क्लबकै सिर्जना पाण्डेले तृतीय स्थान हासिल गर्न सफल भएका थिए । प्रतियोगितामा प्रथम स्थान हासिल गर्ने पुरुष तथा महिला धावकहरु दुवैलाई जनही १५ हजार, दोस्रो हुने पुरुष र महिला धावक दुवैलाई जनही १० हजार र तेस्रो हुने पुरुष तथा महिला धावक दुवैलाई जनही ५ हजार नगद पुरस्कार तथा प्रमाणपत्र वितरण गरिएको थियो ।

## कोषको नारा, जिंगल र गीत सार्वजनिक

कोषको स्वर्ण वार्षिकोत्सवको अवसरमा मिति २०८० भाद्र ३० गते राजस्व सचिव तथा कोष सञ्चालक समितिका अध्यक्ष डा. राम प्रसाद घिमिरे, डेपुटी गभर्नर बम बहादुर मिश्र, कोष सञ्चालक समितिका सदस्यहरु हुम बहादुर के.सी. तथा प्रकाशजंग थापाले संयुक्त रुपमा कोषको नयाँ नारा 'ऋण र धन दुवैको सुरक्षण' सार्वजनिक गर्नु भएको थियो। यसै गरी कोषको पशुधन सुरक्षण कार्यक्रमको विस्तारको लागि तयार गरिएको प्रचार प्रसार सामग्री अडियो जिंगल तथा कोषको बारेमा तयार गरिएको प्रवर्द्धनात्मक गीत समेत सार्वजनिक गरिएको थियो ।

## DCGF / CGTMSE, India बीच MOU सम्झौता




निक्षेप तथा कर्जा सुरक्षण कोष(DCGF), नेपाल र सुक्ष्म एवं लघु उद्यम क्रेडिट गारटी फंड ट्रस्ट(CGTMSE), भारत बीच कर्मचारी आदानप्रदानको लागि सम्झौता भएको छ । सम्झौतापत्रमा DCGF को तर्फबाट प्रमुख कार्यकारी अधिकृत रमेश घिमिरे र CGTMSE को तर्फबाट प्रमुख कार्यकारी अधिकृत सन्दिप वर्माले हस्ताक्षर गर्नु भयो । दुई संस्था बीच कर्मचारी आदानप्रदान गरी व्यावसायिक विकास, ज्ञान आदानप्रदान, पारस्परिक सांस्कृतिक समझदारीका साथै कर्मचारीबीचको सहकार्य र उत्कृष्ट अभ्यासहरू आदानप्रदानबाट कार्य सम्बन्धलाई सुदृढ बनाउनु सम्झौताको उद्देश्य रहेको छ ।

## तालिम कार्यक्रमको आयोजना




कर्मचारीहरुको सीप तथा दक्षता अभिवृद्धि गर्ने उद्देश्यले मिति २०८० जेष्ठ ४ र ५ गते कोषका कर्मचारीहरुलाई कोषको केन्द्रीय कार्यालयको भवनमा प्रशिक्षकहरु बासुदेव अधिकारी(पूर्व कार्यकारी निर्देशक नेपाल राष्ट्र बैंक), महेन्द्र थापा (स्टाफ कलेज), गोविन्द प्रसाद भण्डारी (अखण्ड) (भाषा तथा लेखन विज्ञ), रश्मी खरेल कर्मचार्य (मानव संसाधन विज्ञ) र बाल नरसिंह घर्ती (बैंकिङ्ग विज्ञ) बाट "कर्मचारी कार्यालयीय सीप विकास तालिम कार्यक्रम" विषयक २ दिने तालिम कार्यक्रम संचालन गरियो । त्यसै गरी कोषको केन्द्रीय कार्यालयका कर्मचारीको लागि कोषकै भवनमा मिति २०८० असोज १६ बाट छ दिने "Microsoft Advance Excel" सम्बन्धी तालिम आयोजना गरियो ।



| तालिमको विवरण | आयोजक संस्था | सहभागी कर्मचारी |
|---|---|---|
| HR meet program | Growth Sellers Pvt. Ltd | सहायक अधिकृत रामचन्द्र पराजुली |
| | | सहायक अधिकृत कृष्ण बराल |
| Exclusive Training on Reflections on Management Skills | CIGP | अधिकृत बिदुर पराजुली |
| | | सहायक अधिकृत राम बहादुर के.सी. |
| Nepal Financial Reporting Standards (NFRS) | Nepal Chartered Accountants Organization | नायव प्रबन्धक विनोद पन्त |
| | | अधिकृत अच्युत पन्त |
| 2nd National Convention of Accounting Professionals | Nepal Chartered Accountants Organization | अधिकृत सिर्जना गौतम |

| | | |
|---|---|---|
| Graphic Designing | Life Computer Pvt. Ltd | कम्प्युटर सहायक रमिता कुमारी शाह |
| Customer Service: Key to Meet Targets | Institute of Banking and Insurance Studies Pvt. Ltd. | सहायक कम्प्युटर अधिकृत राजु के.सी |
| | | वरिष्ठ कम्प्युटर सहायक अर्जुन सिंह ठगुन्ना |
| | | प्रधान सहायक सविता ढकाल |
| VAT & Tax Along with Changes Made by Finance Bill 2080 | Institute of Banking and Corporate Management Pvt. Ltd. | अधिकृत कमला पौडेल |
| | | प्रधान सहायक बिनोद जि.सी. |
| Asian Insurance Meet 2023 | Nepal Insurance Authority | अधिकृत सिर्जना गौतम |
| | | सहायक अधिकृत कृष्ण बराल |
| Core Public Speaking Training For Emerging Managers | National Training and Research Academy Pvt. Ltd. | सहायक अधिकृत नविन लुइटेल |
| | | प्रधान सहायक सविता ढकाल |
| Training Program on Key Provision of Financial Budget 080/81 and its Comparison with 079/80 | Center for Management, Accounting & Consultancy Pvt. Ltd. | प्रधान सहायक तुलसी लेखक |
| | | सहायक दिक्षा आचार्य |
| JAVA Programming | deerwalk Compware | सहायक कम्प्युटर अधिकृत राजु के.सी |
| Leadership Mantras for Next-Gen Personal and Professional Growth | Growth Leadership Academy Pvt. Ltd | अधिकृत दिनेश कोइराला |
| Positive Attitude And Stress Management | Nepal Yoga Institute & Retreat P.Ltd | प्रधान सहायक विनोद जि.सी. |
| | | सहायक सुरेन्द्र प्रसाद भट्ट |
| | | सहायक कम्प्युटर भगवान ओली |
| | | सहायक कम्प्युटर श्याम कृष्ण शाही |

## कोषको बुलेटिनको शुभारम्भ




निक्षेप तथा कर्जा सुरक्षण कोषले अघिल्लो आर्थिक वर्षको प्रथम अर्धवार्षिक अवधिसम्ममा सम्पन्न मुख्य क्रियाकलाप तथा गतिविधीहरुलाई समेटेर बुलेटिन प्रकाशन गरियो । कोषका काम, कारोबारसँग सम्बन्धित महत्वपूर्ण सूचना तथा जानकारी पारदर्शी रुपमा सम्बद्ध सरोकारवालाहरु समक्ष प्रवाह गर्ने एवं भविष्यका लागि अभिलेखित गर्ने उद्देश्यले बुलेटिन प्रकाशनको थालनी गरिएको छ । कोषका संचालक समितिका अध्यक्ष डा. राम प्रसाद घिमिरे, संचालकद्धय हुम बहादुर केसी र थान प्रसाद पंज्ञानी र कोषका प्रमुख कार्यकारी अधिकृत रमेश घिमिरेबाट कोष परिसरमा आयोजित एक कार्यक्रमबीच उक्त बुलेटिनको लोकार्पण गरिएको थियौं ।

## गोष्ठी कार्यक्रमको आयोजना

कर्जा सुरक्षण कार्यक्रमको बजार प्रर्वद्धन तथा विस्तारको कार्यलाई निरन्तरता दिन र सुरक्षण कार्यक्रमबाट सिर्जित लाभका सम्बन्धमा बैंक तथा वित्तीय संस्थालाई सुसूचित गर्ने तथा बजारको सुरक्षण आवश्यकता, मौजुदा कार्यक्रमहरुमा रहेका समस्या पहिचान गरि सोको निराकरणका लागि राय सुझाव संकलन गर्ने उद्देश्यले मिति २०८० भाद्र १० गते बर्दिबासमा कोषका प्रमुख कार्यकारी अधिकृत, कोषका कर्मचारी र मधेश प्रदेशका ३ वर्गका लघु वित्तीय संस्थाका प्रतिनिधिहरुको उपस्थितिमा एक दिने अन्तरक्रियात्मक गोष्ठी कार्यक्रम सञ्चालन गरियो ।

## बढुवा तथा अवकाश

कोषको तह ८ नायव प्रबन्धक पदमा कार्यरत विष्णुमणी अधिकारीले स्वेच्छिक राजिनामा दिई मिति २०८० जेष्ठमा कोषको सेवाबाट अलग हुनु भएको छ ।

त्यस्तै कोषको रिक्त रहेको तह ९ प्रबन्धक प्रशासन पदमा विनोद पन्त र मन्दिरा थपलिया, तह ८ नायव प्रबन्धक पदमा विदुर पराजुली, नविन भट्टराई र अच्यूत पन्त बढुवा हुनु भएको छ । भने तह ७ अधिकृत पदमा दिनेश कोइराला र तह ६ सहायक अधिकृत पदमा बसन्त के.सी. बढुवा हुनु भएको छ ।

## बैंक तथा वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृतहरुसँग अन्तरक्रियात्मक कार्यक्रम आयोजना



मिति २०८० असार १८ गते रोयल सिंगी होटलमा “बैंक वित्तीय संस्थाहरुको कर्जा सुरक्षण आवश्यकता र निक्षेप तथा कर्जा सुरक्षण कोषको कार्यक्रमहरुको अवस्था” विषयक आधा दिने अन्तरक्रियात्मक कार्यक्रम आयोजना गरियो ।




नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर डा. निलम ढुंगाना तिम्सिनाको प्रमुख आतिथ्यमा सञ्चालित कार्यक्रममा कोषको सञ्चालक समितिका सदस्यहरु, विभिन्न बैंक तथा वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृतहरु, नायव प्रमुख कार्यकारी अधिकृतहरु, कर्जा विभागका प्रमुखहरु, विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष, एशियाली विकास बैंक लगायतका विकास साझेदार संस्थाका प्रतिनिधिहरु र सञ्चारकर्मीहरुको सहभागिता रहेको थियो । कार्यक्रममा कोषका प्रमुख कार्यकारी अधिकृत श्री रमेश घिमिरेले कोषको छोटो इतिहास, हाल सञ्चालनमा रहेका कर्जा सुरक्षण सम्बन्धी मौजुदा कार्यक्रमहरु तथा भावी योजनाहरु समावेश भएको कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।

## एसिकको ३५ औं वार्षिक सभामा सहभागिता




कोष संस्थापक सदस्य रहेको एशिया महादेशका विभिन्न १२ वटा देशका कर्जा सुरक्षण कार्यक्रम सञ्चालन गर्ने १७ वटा संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन Asian Credit Supplementation Institute Confederation (ACSIC) को ३५औं वार्षिक सभा मिति २०८० श्रावण २२ देखि २६ गतेसम्म मंगोलियाको उलानबटार शहरमा आयोजना भएको थियो । सो कार्यक्रममा कोषको तर्फबाट कोषका अध्यक्ष डा.राम प्रसाद घिमिरे, प्रमुख कार्यकारी अधिकृत रमेश घिमिरे, प्रबन्धक विनोद पन्त, नायव प्रबन्धक अच्यूत पन्तले सहभागिता जनाउनु भएको थियो ।

“Looking Ahead: Fostering Green Financing for Sustainable Development“ विषयक नाराका साथ आयोजित उक्त कार्यक्रममा ACSIC सदस्य रहेका विभिन्न मुलुकका प्रतिनिधिहरुबाट साना तथा मझौला उद्योगहरुको हरित ग्याँस न्यूनीकरण प्रयासलाई मौद्रीकरण गर्ने तरिका, वातावरणीय सशक्तिकरणमा कर्जा सुरक्षण कार्यक्रमहरुले पार्ने सकरात्मक प्रभाव, कर्जा सुरक्षणको माध्यमबाट कसरी हरित वित्त, दिगो विकाश तथा वातावरण, समाज र सुशासनलाई प्रवर्द्धन गर्न सकिन्छ लगायतका विभिन्न समसामयिक विषयहरुमा प्रस्तुतिकरण तथा छलफल भएको थियो ।साथै, आगामी वर्ष नेपालले सम्मेलन आयोजना गर्न पूरा गर्नुपर्ने विभिन्न प्रक्रिया, आवश्यक कागजात तथा कार्य हस्तान्तरण सम्बन्धमा छलफल भएको थियो ।

## एसिकको ३१औं तालिम कार्यक्रममा सहभागिता



एशियाको विभिन्न देशका कर्जा सुरक्षण कार्यक्रम संचालन गर्ने संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन Asian Credit Supplementation Institute Confederation (ACSIC) ले हरेक वर्ष अन्तर्राष्ट्रियस्तरको कार्यशाला कार्यक्रम आयोजना गर्ने गरेको छ । यो वर्ष इन्डोनेशियाको कर्जा सुरक्षण गर्ने संस्था Asosiasi Perusahaan Penjaminan Indonesia (ASIPPINDO) ले एशिकको ३१ औं तालिम कार्यक्रम इन्डोनेशियाको जकार्ता शहरमा जुन १६ देखि २०, २०२३ मा आयोजना गरेको थियो । सो कार्यक्रममा कोषका नायव प्रमुख कार्यकारी अधिकृत उषा पौडेल गौतम, प्रबन्धक मन्दिरा थपलिया, अधिकृत सिर्जना गौतम, सहायक अधिकृत राम बहादुर के.सी., सहायक अधिकृत प्रजनी पौडेलले सहभागिता जनाउनु भएको थियो ।"Building A Resilient Future: Enabling Sustainable Credit Supplementation" विषयक कार्यशालामा आयोजक संस्था Asosiasi Perusahaan Penjaminan Indonesia (ASIPPINDO) का प्रतिनिधिहरु समेत विभिन्न १२ वटा देशका ६० जना प्रतिनिधिहरुको सहभागिता रहेको थियो । कार्यक्रममा सहभागीहरुले आफ्नो देशमा कर्जा सुरक्षणलाई कसरी प्रभावकारी रुपमा संचालन गर्न सकिन्छ र भविष्यमा बलियो र दिगो कर्जा सुरक्षण प्रणालीको स्थापना गर्न के कस्ता रणनीति बनाइएको छ भन्ने विषयमा कार्यपत्रहरु प्रस्तुत गरेका थिए ।

## IADI–EARC को वार्षिक बैठक कार्यक्रममा सहभागिता




International Association of Deposit Insurer (IADI) को क्षेत्रीय समिति Eurasia Regional Committee (EARC) को वार्षिक सभा र अन्तर्राष्ट्रियस्तरीय कार्यशाला मंगोलियाको उलानबटार शहरमा जुन २८ देखि ३०, २०२३ मा आयोजना भएको थियो। सो कार्यक्रममा कोषको तर्फबाट प्रबन्धक विक्रान्त आचार्य र नायव प्रबन्धक विदुर पराजुलीले सहभागिता जनाउनु भएको थियो । Implementing Differential Premium Systems विषयक तीने दिने कार्यशालामा सहभागीहरुले आफ्नो देशमा निक्षप बीमा कार्यक्रममा कसरी Differential Premium Rate लागू गरिएको छ भन्ने विषयमा प्रस्तुतिकरण तथा छलफल भएको थियो ।



## निक्षेप तथा कर्जा सुरक्षण सम्बन्धी विवरण

### १. निक्षेप सुरक्षण कार्यक्रम

आर्थिक वर्ष २०७९/८० को आषाढ मसान्तसम्म भएको निक्षेप सुरक्षणको विवरण निम्नानुसार रहेको छ:

| क्र.सं. | सदस्य संस्था | सदस्य संख्या | खाता संख्या हजारमा | सुरक्षित निक्षेप र कम (रकम रु. लाखमा) |
|---|---|---|---|---|
| १ | क वर्ग | २१ | ३,५७,०० | १०,६९,५८,९९ |
| २ | ख वर्ग | १७ | ५०,२७ | १,४१,६३,७३ |
| ३ | ग वर्ग | १६ | ५,९३ | २०,५०,६७ |
| ४ | घ वर्ग | २ | ६१ | १,२१,३० |
| जम्मा | | ५६ | ४१,३८१ | १२,३२,९४,६९ |

### २. कर्जा सुरक्षण कार्यक्रम

आर्थिक वर्ष २०७९/८० को आषाढ मसान्तसम्म भएको कर्जा सुरक्षणको विवरण निम्नानुसार रहेको छ:

| क्र.सं. | विवरण | ऋणी संख्या | सुरक्षण र कम (रकम रु. लाखमा) |
|---|---|---|---|
| १ | पशुधन सुरक्षण | ४७८० | २००५ |
| २ | साना तथा मझौला उद्यम कर्जा सुरक्षण | ६४८६ | १३४२७४ |

| | | | |
|---|---|---|---|
| ३ | कृषि कर्जा सुरक्षण | १२४०७ | १११६९७ |
| ४ | लघु तथा विपन्न वर्ग कर्जा सुरक्षण | १५७१२०५ | १९१८४२५ |
| ५ | सहुलियतपूर्ण कर्जा सुरक्षण | ८४६४४ | ५८११५३ |
| | कुल कर्जा सुरक्षण | १६७५२२ | २७४७५५४ |

**नोटः**

निर्यात कर्जा र शैक्षिक तथा शैक्षिक बेरोजगार व्यवसाय कर्जा सुरक्षण कार्यक्रम अन्तर्गत भने कोषको कुनै पनि कारोबार छैन ।

## Panel Discussion **कार्यक्रमको आयोजना**




कोषको ५०औं वार्षिकोत्सवको अवसर पारेर २०८० असोज ४ गते वार्षिकोत्सव कार्यक्रम समापन पश्चात Panel Discussion कार्यक्रम आयोजना गरियो । Panel Discussion कार्यक्रमको विषय "MSMEs & Sustainable Development: Paving Way for Better Tomorrow" रहेको थियो । कोषका प्रमुख कार्यकारी अधिकृत रमेश घिमिरेको "MSMEs & Sustainable Development" सम्बन्धी प्रस्तुतीबाट कार्यक्रमको शुरुवात गर्नु भएको थियो । यस कार्यक्रममा डोल्मा फाउन्डेशनका कार्यकारी निर्देशक जोसेफ सिल्भानसले Moderator को रुपमा कार्यक्रम संचालन गर्नु भएको थियो । भारतको कर्जा सुरक्षण गर्ने संस्था Credit Guarantee Trust for Medium & Small Enterprises (CGTMSE) का प्रमुख कार्यकारी अधिकृत सन्दीप वर्मा, कोरियाको कर्जा सुरक्षण गर्ने संस्था Korean Credit Guarantee Fund (KODIT) का वरिष्ठ नायव निर्देशक किम जुन मो, नेपाल राष्ट्र बैंकका निर्देशक डा.सत्येन्द्र तिमिल्सिना र एनएमबि बैंकका नायव प्रमुख कार्यकारी अधिकृत गोविन्द घिमिरे Panelist को रुपमा रहनु भएको थियो। कार्यक्रममा लघु, साना तथा मझौला उद्यम क्षेत्रले दिगो विकासमा खेलेको भूमिका, लघु, साना तथा मझौला उद्यम क्षेत्रको विकासका लागि गरिएका पहलहरु, भारत र कोरियाले MSMEs को सुरक्षणलाई कसरी संचालन गरेको छ, बैंक तथा वित्तीय संस्थाले MSMEs का क्षेत्रमा गरेका कार्यहरु, नेपाल राष्ट्र बैंकको MSMEs सम्बन्धी नीति र कोषले MSMEs का क्षेत्रमा गर्न सक्ने थप सुरक्षण कार्यक्रमका विषयमा छलफल भएको थियो ।

## कर्जा सुरक्षण नियमावलीको चौथो संशोधन

कोषको कर्जा सुरक्षण नियमावली, २०७५ को मिति २०८०/०५/२८ गतेबाट लागू हुने गरी चौथो पटक संशोधन भएको छ ।

| क्र.सं. | संशोधन | नेपाल राजपत्रमा प्रकाशित मिति |
|---|---|---|
| १. | कर्जा सुरक्षण (पहिलो संशोधन) नियमावली, २०७५ | २०७६/०१/३० |
| २. | कर्जा सुरक्षण (दोस्रो संशोधन) नियमावली, २०७७ | २०७७/०६/२६ |
| ३. | कर्जा सुरक्षण (तेस्रो संशोधन) नियमावली, २०७९ | २०७९/१०/०२ |
| ४. | कर्जा सुरक्षण (चौथो संशोधन) नियमावली, २०८० | २०८०/०५/२८ |

## कोषको वार्षिक प्रकाशन "सञ्जिवनी" प्रकाशन



कोषको वार्षिक प्रकाशनलाई निरन्तरता दिदैं यो वर्ष पनि वार्षिकोत्सवको अवसरमा "सञ्जिवनी" को दोस्रो संकरण विभिन्न लेख तथा रचनाहरु समावेश गरी प्रकाशन गरियो। ५० औं वार्षिकोत्सव समारोहमा वार्षिक प्रकाशन "सञ्जिवनी" को लाकार्पण माननीय अर्थमन्त्री डा. प्रकाश शरण महतज्यू, नेपाल राष्ट्र बैकका डेपुटी गभर्नर बम बहादुर मिश्रज्यू र कोषका अध्यक्ष तथा राजस्व सचिव डा. राम प्रसाद घिमिरेज्यूबाट सामूहिक रुपमा गरिएको थियो ।

## विज्ञहरुसँग अन्तरक्रिया कार्यक्रम आयोजना



निक्षेप तथा कर्जा सुरक्षण कोषले कोषको तेस्रो रणनीतिक योजना तर्जुमा गर्ने सन्दर्भमा विज्ञ तथा सरोकारवालाहरुसँग राय सुझाव लिने उद्देश्यले मिति २०८० श्रावण १२ गते रोयल सिंगी होटलमा आधा दिने अन्तरक्रियात्मक कार्यक्रम आयोजना गरेको थियो । कार्यक्रममा कृष्ण प्रसाद आचार्य, मधु पोखरेल, लक्ष्मी प्रपन्न निरौला, बासुदेव अधिकारी, सतेन्द्र तिमिल्सिना र चन्द्रमान मलेखुको सहभागिता रहेको थियो । कोषको योजना तथा अनुसन्धान विभागका विभागीय प्रमुख विदुर पराजुलीले कार्यक्रमको सञ्चालन र प्रमुख कार्यकारी अधिकृत श्री रमेश घिमिरेले कोषको प्रस्तावित पञ्चवर्षीय रणनीतिक योजनाको मस्यौदा प्रस्तुत गर्नु भएको थियो ।



## विभिन्न बैंक तथा वित्तीय संस्थाहरुसँगको कर्जा सुरक्षण सम्झौता

कोषले सञ्चालन गर्दै आएको कर्जा सुरक्षण कार्यक्रम अन्तर्गतका विभिन्न सुरक्षण कार्यक्रमहरुमा कोष र बैंक तथा वित्तीय संस्थाहरु बीच सम्झौता भएको छ ।

| क्र.सं. | बैंक तथा वित्तिय संस्था | कर्जा सुरक्षण कार्यक्रम |
|---|---|---|
| १ | एभरेष्ट बैंक लि. | लघु वित्त तथा विपन्न वर्ग कर्जा |
| २ | हिमालयन बैंक लि. | लघु वित्त तथा विपन्न वर्ग कर्जा |

## सम्पादकीय

बि.सं. २०८० असोज ४ गतेबाट निक्षेप तथा कर्जा सुरक्षण कोषले आफ्नो स्थापनाको गौरवमय ४९ वर्ष पूरा गरी ५०औं वर्षमा प्रवेश गरेको छ । गौरवमय स्वर्ण वार्षिकोत्सवलाई अझ विशेष र अविस्मरणीय बनाउन कोषले खुल्ला रक्तदान, फुटसल तथा ब्याटमिन्टन प्रतियोगिता, बैंकिङ्ग क्विज प्रतियोगिता, स्वर्ण महोत्सव क्विज सप्ताह, वाकाथोन र फाइभ के फन रन, कोषको नारा /जिंगल/ प्रवर्द्धनात्मक गीत सार्वजनिक, अन्तराष्ट्रिय संस्थासंगको आपसी समझदारीपत्रमा हस्ताक्षर, अन्तराष्ट्रिय विज्ञहरूको सहभागितामा प्यानेल छलफल सहितको कार्यशाला कार्यक्रम लगायतका कृयाकलापहरू आयोजना गरिएको थियो। पचासौं बर्षको कोषेढुंगो पार गरेको यस अवसरमा बुलेटिनको यस अंकलाइ स्वर्ण महोत्सवमय बनाइएको छ ।
वि.सं. २०३१ सालमा नेपाल राष्ट्र बैंक परिसर बालुवाटारको केही सीमित कोठाबाट सीमित कर्मचारी र केही थान फर्निचर को व्यवस्थाबाट सुरक्षण कार्यक्रम शुरू गरेको कोषले हाल सम्मको अवधिमा विभिन्न आरोह अवरोहहरू पार गर्दै आफ्नो संस्थागत तथा व्यवसायगत स्वरूपमा निकै नै परिमार्जन गरिसकेको छ। यद्यपि अझै पनि बदलिदो बजारको अवश्यकता र निम्न बर्गीय आम जनताको चाहनालाइ मध्यनजर गरी कोषबाट सञ्चालित विभिन्न सुरक्षण कार्यक्रमहरूलाइ परिमार्जन गर्न तथा नयाँ कार्यक्रम तर्जुमा गरी अघि बढ्न मार्गदर्शन प्राप्त भएको छ । सोही बमोजिम आगामी दिनमा कोषले संस्थागत क्षमताको अभिवृद्धि गर्दै थप सुरक्षण कार्यक्रमको विकास गरी कोषको सुरक्षणको दायरा र क्षेत्रलाई विस्तार गर्न आवश्यकता देखिन्छ ।
कोषका कृयाकलापहरुलाई सरोकारवालासमक्ष पुर्याउन तथा पारदर्शिता प्रवर्द्धन गरी आमजनतालाई सू-सूचित हुने अवस्था सिर्जना गर्न गत आर्थिक वर्षबाट बुलेटिन प्रकाशनको थालनी गरिएकोमा त्यसलाई निरन्तरता दिन पाउँदा हामी हर्षित छौं । साना निक्षेपकर्ताहरूको बैंक तथा वित्तीय संस्थाहरूमा रहेको बचत (निक्षेप) रकम र बैंक तथा वित्तीय संस्थाहरूबाट प्रवाह भएको कर्जाको सुरक्षण गरी कोषले वित्तीय सुरक्षा र स्थायित्व प्रदान गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको कोषले सञ्चालन गर्ने विभिन्न कार्यक्रमहरू आम सरोकारवाला समक्ष जानकारी गराउन यस बुलेटिनले महत्वपूर्ण भूमिका खेलेको हामीले विश्वास लिएका छौं । यस बुलेटिनमा कोषले २०८० बैशाख देखि असोजसम्म गरेका मुख्य मुख्य गतिविधि, सम्पन्न गरेका कार्यक्रम तथा कोषका समसामयिक सूचना समावेश गरिएको छ । यस बुलेटिनलाइ त्रुटिरहित प्रकाशन गर्न सक्दो प्रयास गरिएको छ, भुलबश: कुनै कमी कमजोरी देखिएमा क्षमायाचना गर्दछौं र आगामी दिनमा सुधारका लागि राय प्रतिकृया सहित सम्पादक समूहलाइ जानकारी गराउनुहुन समेत अनुरोध गर्दछौं । र अन्त्यमा, यस बुलेटिन प्रकाशन गर्न प्रत्यक्ष परोक्ष रुपमा सहयोग गर्नु हुने तथा सदभाव प्रकट गर्नुहुने सबै महानुभाव तथा शुभेच्छुकहरु प्रति हार्दिक आभार एवं कृतज्ञता व्यक्त गर्दछौं ।

aarthik voice

# निक्षेप सुरक्षण भनेको के हो ? खातामा जम्मा भएको ५ लाखसम्मको रकमको सुरक्षण कसरी हुन्छ ?

आर्थिक भ्वाइस १२ भाद्र २०८० १२:०६




आर्थिक भ्वाइस संबाददाता

काठमाडौं । नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थामा प्राकृतिक व्यक्तिका नाममा खोलिएका बचत तथा मुद्दति खातामा राखेको निश्चित सीमा सम्मको रकम संस्था समस्याग्रस्त घोषणा भई फिर्ता गर्न नसकेमा उक्त सीमासम्मको निक्षेप रकम फिर्ता गर्ने गरी सुरक्षण गराउने काम नै निक्षेप सुरक्षण हो । हाल प्राकृतिक व्यक्तिका नाममा बैंक तथा वित्तीय संस्थाको बचत तथा मुद्दती खातामा रहेको ५ लाखसम्मको रकमको सुरक्षण गरिएको छ ।

फरकपत्र

# बैक वित्तीय संस्थाहरुको कर्जा सुरक्षण आवश्यकता र निक्षेप तथा कर्जा सुरक्षण कोषको कार्यक्रमहरुबारे अन्तक्रिया सम्पन्न

फरकपत्र संवाददाता बिहिबार, असार २२ २०८०




२१ असार, काठमाडौं । निक्षेप तथा कर्जा सुरक्षण कोषले मौजुदा सुरक्षण कार्यक्रममा पुनरावलोकनका साथै नयाँ सुरक्षण कार्यक्रमको आवश्यकता पहिचान सम्बन्धमा क, ख र ग वर्गका बैंक तथा वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत र कर्जा विभाग प्रमुखहरुको उपस्थितिमा "बैक वित्तीय संस्थाहरुको कर्जा सुरक्षण आवश्यकता र निक्षेप तथा कर्जा सुरक्षण कोषको कार्यक्रमहरुको अवस्था" विषयक आधा दिने अन्तरक्रियात्मक कार्यक्रम गरेको छ ।

ajakoartha

मंगलबार, १७ पुस २०८०

# अर्थतन्त्रमा चलाइएको नकारात्मक कुचक्रलाई सुचक्रमा बद्ल्न सुरक्षण कोषको भूमिका महत्वपूर्णः अर्थमन्त्री

आजको अर्थ 3 महिना अगाडि



**काठमाडौं** - अर्थमन्त्री डा.प्रकाशशरण महतले अर्थतन्त्रमा चलाइएको नकारात्मक कुचक्रलाई सुचक्रमा बद्ल्न निक्षेप तथा कर्जा सुरक्षण कोषले महत्वपूर्ण भूमिका खेल्न सक्ने बताएका छन्।

कोषको ५०औं वार्षिकोत्सव कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री महतले यस्तो धारणा राखेका हुन्। उनले भने,

ईकर्मचारी www.ekarmachari.com

# ४९ वर्षपछि निक्षेप तथा कर्जा सुरक्षण कोषको बुलेटिन प्रकाशन

Ekarmachari




निक्षेप तथा कर्जा सुरक्षण कोषले चालु आर्थिक वर्षको प्रथम अर्धवार्षिक अवधिसम्ममा सम्पन्न मुख्य क्रियाकलाप तथा गतिविधीहरुलाई समेटेर बुलेटिन प्रकाशनमा ल्याएको छ । कोषका काम, कारोबारसँग सम्बन्धित महत्वपूर्ण सूचना तथा जानकारी पारदर्शी रुपमा सम्बद्ध

समाज

## ४ करोड १८ लाख निक्षेप खाता सुरक्षित

ममता थापा | असोज ४, २०८० बिहीबार २१:३३:३१



साविती कंचनजंगा अगरबत्ती SCAN दनादन उपहार टनाटन — साविञीको ब्राण्डहरुमा रहेको QR Scan गर्नुहोस् दनादन र पाउनुहोस् उपहार टनाटन

**काठमाडौं :** बैंक तथा वित्तीय संस्थाका ४ करोड १८ लाख निक्षेप खाता सुरक्षित छन्। हालसम्म निक्षेप तथा कर्जाको सुरक्षण (बीमा) गर्ने जिम्मा पाएको निक्षेप तथा कर्जा सुरक्षण कोषले उक्त प्राकृतिक निक्षेपकर्ताको १२ खर्ब ८८ अर्ब निक्षेप सुरक्षित राखेको हो।

नेपाली पात्रो तथा तिथि-मिति | ताजा समाचा | रेडियो | राशिफल

Tuesday, January 2, 2024 | Unicode Tools
हाम्रो अर्थ — दिगो विकास, समृद्ध नेपाल

खेलकुद

## निक्षेप तथा कर्जा सुरक्षण कोष ५० वर्ष प्रवेश गरेको अवसरमा वित्तीय सचेतना अभिवृद्धि गर्दै वाल्काथोन

हाम्रो अर्थ | २०८० ०५ ३० - मा प्रकाशित

NIC ASIA GROWTH FUND-2 CLICK HERE TO APPLY IPO | जोखिम न्यूनीकरण | कोषको आयमा करको लाभ
SPIL — Instant Claim Settlement via Digital Claim Settlement System is just 3 steps away.
नबिल ढुक्क बचत खाता
नेपाल लाइफ



काठमाडौं । आगामी असोज ४ गते कोष आफ्नो स्थापनाको गौरवमय ४९ वर्ष पूरा गरी ५० औं वर्षमा प्रवेश गर्दैछ । स्वर्ण वार्षिकोत्सवको यस ऐतिहासिक क्षणलाई सुखद र स्मरणीय बनाउन उत्साहजनक ढंगले विभिन्न कार्यक्रमहरुको आयोजना गरिएको छ । यसै सन्दर्भमा आज मिति २०८० भदौ ३० गते शनिबारका दिन बैकिङ अनुशासन सचेतनाका लागि काठमाडौंमा वाल्काथोन/ फाईभके फन रन कार्यक्रमको आयोजना गरियो।

अर्थ-डबली arthadabali.com

सामाजिक सञ्जालमा आउने चिठ्ठा तथा उपहार आदिको प्रलोभनमा नपर्नुहोस् ।

भिडियो | पोडकास्ट | युनिकोड
होमपेज | अर्थतन्त्र | बैंकवित्त | शेयर | डेभलपमेन्ट | अटो | दृष्टिकोण | डबली | घुमफिर | कृषिज्ञान | अर्थविश्व | ENGLISH

## निक्षेप तथा कर्जा सुरक्षण कोषको अयोजनाः मुकेश र राममायालाई उपाधि

अर्थ- डबली | आइतवार, भाद्र ३१ २०८० | 427 Share



**काठमाडौं/** निक्षेप तथा कर्जा सुरक्षण कोषले आयोजना गरेको वाकाथन तथा ५ किलोमिटर दौडको उपाधि मुकेश पाल र राममाया बुढाले जितेका छन् । संस्थाको ५० औं बार्षिकोत्सवको अवसरमा आयोजित प्रतियोगितामा पुरुषतर्फ पाल र महिलातर्फ बुढाले स्वर्ण पदक हात पारे ।

भर्खरै
- अन्नपूर्ण क्षेत्रमा अहिलेसम्मकै बढी पर्यटक : १ वर्षमा भित्रिए करिब २ लाख, कुन देशका कति ?
- अङ्ग्रजी नयाँ बर्षमा पर्यटकले भरिभराउ घलेगाउँका घरबास, प्रतिव्यक्ति शुल्क कति ?
- पोल्ट्री दिवसका अवसरमा 'चिकेन एण्ड एग फेस्टिवल', कुखुराको मासु र अण्डा निःशुल्क वितरण गरिने
- जुम्ला जिल्लाको विकासलाई सरकारले प्राथमिकता दिएको छ : प्रधानमन्त्री प्रचण्ड
- Cold affects arrival of tourists



ktmvoice तपाईंको आफ्नै आवाज

समाचार राजनीति बिजनेश भ्वाइस बैंक वित्त पुँजी बजार बीमा कर्पोरेट अन्तरवार्ता सूचना तथा प्रविधि विविध

# निक्षेप तथा कर्जा सुरक्षण कोष ५०औँ वर्षमा प्रवेश गर्दै, वार्षिकोत्सवका अवसरमा वाकाथोन आयोजना

KTM Voice
वि.सं.२०८० भदौ ३० शनिवार २०:३५

2.35K shares

आफ्नो mobile banking, wallet तथा connectIPS मार्फत NEPALPAY QR scan गरी भुक्तानी गर्नुहोस्।

काठमाडौं, ३० भदौ । निक्षेप तथा कर्जा सुरक्षण कोष आगामी ४ असोजमा ४९औं वर्ष पूरा गरी ५०औं वर्षमा

**ताजा**

- बेरोजगार युवालाई कृषितर्फ आकर्षित गर्ने काभ्रेमा कृषि–महोत्सव हुँदै
- नेप्से ३०.०५ अंकले घट्यो, सबै उपसूचक रातामे
- पुष मसान्तभित्र महानगरको कर बुझाए छुट पाइने, जरिवाना पनि नलाग्ने
- मिथिला लघुवित्तको १५औं साधारणसभा पुस २८ गते, मर्जरमा जाने प्रस्ताव

**लोकप्रिय**

- यस्तै हो भने अब लघुवित्त 'कोल्याप्स' हुन्छ : सोगत वीर चौधरी
- सिके राउत माइतीघरबाट पक्राउ
- डेडिकेटेड र ट्रंकलाइन विवाद : प्रमाण पेश गर्न प्राधिकरणलाई चुनौती
- १६औं योजनामा वित्तीय क्षेत्रलाई प्राथमिकता दिन अध्यक्ष गोल्यानको आग्रह, सिविफिनको कार्यक्रममा



mero khel

Home > एथ्लेटिक्स > मुकेश र राममायालाई उपाधि

सर्वोत्तम स्टील

# मुकेश र राममायालाई उपाधि

३०,भाद्र,२०८० | ४ महिना पहिले

ब्रेकिङ् न्युज विचार फिचर समाचार फुटबल क्रिकेट नेट गेम्स मार्सल आर्टस् ट्रयाक एण्ड फिल्ड अन्य फोटो फिचर

काठमाडौं । निक्षेप तथा कर्जा सुरक्षण कोषले आयोजना गरेको वाकाथन तथा ५ किलोमिटर दौडको उपाधि मुकेश पाल र राममाया बुढाले जितेका छन् । संस्थाको ५० औं बार्षिकोत्सवको अवसरमा आयोजित प्रतियोगितामा पुरुषतर्फ पाल र महिलातर्फ बुढाले स्वर्ण पदक हात पारे ।



Facebook Twitter Youtube Viber | पुस १७, २०८० मंगलबार हाम्रो बारेमा सम्पर्क डायस्पोरा ई-पेपर English Edition

कारोबार

# 'कर्जा सुरक्षण कार्यक्रमलाई विविधीकरण गरी लगानीमैत्री वातावरण सिर्जना गर्नुपर्छ'

प्रकाशित मिति : आश्विन ४, २०८० बिहीबार

कारोबार संवाददाता

520 Shares


गृहपृष्ठ अर्थतन्त्र बैंकिङ शेयर बजार कर्पोरेट वार्षिकोत्सव राजनीति समाज विकास विचार अन्तरवार्ता Karobar TV

काठमाडौं- अर्थमन्त्री डा. प्रकाशशरण महतले आज निक्षेप तथा कर्जा सुरक्षण कोषको स्वर्णमहोत्सवको समुद्घाटन गर्दै साना तथा मझौला उद्योग–व्यवसायलाई उत्प्रेरित गरी मुलुकको आर्थिक गतिविधिलाई थप चलायमान बनाउन महत्त्वपूर्ण भूमिका रहेको कोषले कर्जा सुरक्षण कार्यक्रम समयानुकूल विस्तार गर्नुपर्ने धारणा व्यक्त गरेका छन् ।

karobardaily

**भर्खरै...**

- रानी जमरा कुलरिया आयोजना: सिंचाइसँगै बल्यो बिजुली
- अन्नपूर्ण क्षेत्रमा अहिलेसम्मकै बढी पर्यटक
- काठमाडौं–पोखरा र काठमाडौं–सुनौली पर्यटक बससेवा
- काभ्रेमा बृहत् कृषि–महोत्सव हुँदै
- शीतलहरको जोखिम न्यूनिकरणमा बेवास्ता



निक्षेप तथा कर्जा सुरक्षण कोष र एभरेष्ट बैंकबीच कर्जा सुरक्षण गर्ने सम्झौता

समाचार 2080-01-05



निक्षेप तथा कर्जा सुरक्षण कोषको आयोजनामा वाल्कथु

रातोपाटी संवाददाता


शनिबार, ३० भदौ २०८०

काठमाडौं । निक्षेप तथा कर्जा सुरक्षण कोष टंगालको आयोजनामा वाल्कथुन र फाइभ के फन रनको आयोजना गरिएको छ । शनिबार बैकिङ्ग अनुशासन सचेतनाका लागि कोषले वाल्कथुन र फाइभ के फन रनको आयोजना गरेको हो ।



बैंकका सीइओसँग निक्षेप तथा कर्जा सुरक्षण कोषको अन्तर्क्रिया : सानालाई पनि ऋणमा जोड दिऔं


विकासन्युज




# निक्षेप तथा कर्जा सुरक्षण कोषको शुल्क परिमार्जन गर्न सुझाव

आर्थिकन्यूज








कान्तिपुर

## एभरेस्ट बैंक र निक्षेप तथा कर्जा सुरक्षण कोषबीच विपन्न कर्जा सुरक्षण सम्झौता

काठमाडौं — एभरेस्ट बैंक र निक्षेप तथा कर्जा सुरक्षण कोषबीच लघुवित्त तथा विपन्न वर्ग कर्जा सुरक्षण गर्ने सम्झौता भएको छ । सो सम्झौतापत्रमा बैंकका तर्फबाट प्रमुख कार्यकारी अधिकृत सुदेश खालिङ र कोषका तर्फबाट प्रमुख कार्यकारी अधिकृत रमेश घिमिरेले हस्ताक्षर गरे ।

सम्झौतापत्रमा हस्ताक्षर भएसागै एभरेस्ट बैंकले लघुवित्त तथा विपन्न वर्ग कर्जा अन्तर्गत विना धितो व्यक्तिगत वा सामूहिक जमानीमा प्रतिव्यक्ति १० लाख रुपैयाँसम्म र धितो जमानीमा २० लाखसम्म गरेको लगानीको सुरक्षण कोषले गर्नेछ । वैदेशिक रोजगारबाट सिपमूलक तालिम लिई फर्केका युवा तथा दलित समुदायका व्यक्तिलाई सामूहिक जमानी वा परियोजना धितोअन्तर्गत प्रतिव्यक्ति १० लाख रुपैयाँसम्म, भूकम्प पीडितको आवास निर्माणमा प्रतिव्यक्ति ३ लाखसम्म, सक्रिय खेल जीवनबाट निवृत्त खेलाडीलाई व्यवसाय सञ्चालन गर्न १० लाखसम्म, सशस्त्र द्वन्द्वबाट प्रभावित व्यक्तिको लागि स्वरोजगार कर्जामा प्रतिपरिवार १० लाखसम्म र महिलाद्वारा सञ्चालित लघुउद्यम परियोजनामा परियोजना धितो राखी १५ लाखसम्म बैंकले कर्जा



सजिलोपाना

## जनताको लगानीमा विश्वास थप्दै निक्षेप तथा कर्जा सुरक्षण कोष

सजिलोपाना ३ महिना अगाडि

काठमाडौं । नेपालमा वि.स. २०३१ असोज ४ मा स्थापना भएको निक्षेप तथा कर्जा सुरक्षण कोष संस्थाले २०३१ सालदेखि कर्जा सुरक्षणको क्षेत्रमा काम गर्दै आइरहेको छ ।



सेतोपाटी — नेपालको डिजिटल पत्रिका — बजार अर्थतन्त्र

## माछापुच्छ्रे बैंक र निक्षेप तथा कर्जा सुरक्षण कोषबीच सम्झौता

सेतोपाटी संवाददाता, काठमाडौं, भदौ २२

माछापुच्छ्रे बैंक र निक्षेप तथा कर्जा सुरक्षण कोषबीच कृषि कर्जा सुरक्षण गर्ने सम्बन्धी सम्झौता सम्पन्न भएको छ।

सम्झौता पत्रमा बैंकका तर्फबाट प्रमुख कार्यकारी अधिकृत सन्तोष कोइराला तथा कोषको तर्फबाट प्रमुख कार्यकारी अधिकृत रमेश घिमिरेले हस्ताक्षर गरेका हुन्।

उक्त सम्झौतामा हस्ताक्षर भएसँगै बैंकले कृषि व्यावसायको लागि प्रवाह गरेको तीन करोड रुपैयाँसम्मको कर्जा कोषले सुसक्षण गर्ने बताइएको छ।

२०८० पुष १७ मंगलवार



BIZPATI.COM — हरेक खवरमा आर्थिक कोण — १७ पुष २०८०,मङ्गलवार

## निक्षेप तथा कर्जा सुरक्षण कोषको रक्तदान कार्यक्रम सम्पन्न

बिजपाटी संवाददाता, Sep 06, 2023

निक्षेप तथा कर्जा सुरक्षण कोषले आफ्नो वार्षिकोत्सवको अवसरमा रक्तदान कार्यक्रमको आयोजना गरेको छ। कोषले आफ्नो ५० औं वार्षिकोत्सवको अवसरमा आफ्नो केन्द्रिय कार्यलय टंगालमा खुल्ला रक्तदान कार्यक्रमको आयोजना गरेको हो।



## १२ खर्ब ३३ अर्बको हाराहारीमा निक्षेपको सुरक्षण गरिएको छ: घिमिरे

-बिजनेश न्यूज नेपाल २०८० भाद्र २० बुधवार

निक्षेप तथा कर्जा सुरक्षण कोषको ५०औं वार्षिकोत्सवको अवसरमा रक्तदान कार्यक्रम सम्पन्न गरिएको छ ।

कोषको केन्द्रीय कार्यालय टंगालमा गरिएको खुल्ला रक्तदान कार्यक्रममा कोषका कर्मचारी, विभिन्न बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिहरुसहित ४४ जनाले रक्तदान गरेका थिए । रक्तदान गर्नेहरुलाई कोषका प्रमुख कार्यकारी अधिकृत रमेश घिमिरेले प्रशंसापत्र प्रदान गरेका थिए ।

## ५० औं वार्षिकोत्सव कार्यक्रमका केहि झलकहरु




















**प्रकाशक**

निक्षेप तथा कर्जा सुरक्षण कोष

टंगाल, काठमाडौं

फोनः ०१-४५१०६५९, ४५२१२४१

**फ्याक्सः ०१-४५१०१२७**

Email: info@dcgf.gov.np

Web: www.dcgf.gov.np

**सल्लाहकार**

श्री रमेश घिमिरे, प्रमुख कार्यकारी अधिकृत

**सम्पादक समूह**

श्री बिदुर पराजुली

श्री अच्युत पन्त

श्री रुमा गुरुङ्ग

श्री श्याम कृष्ण शाही